ADDCN ई-बुलेटिन
Association of District Development Committees of Nepal
जिल्ला विकास समिति महासंघ नेपाल (
Vol. 3 [Issue – 3] (जिल्ला विकास समिति महासंघ नेपालको मासिक ई-बुलेटिन) E-bulletin, 2013 August-September [2070 Bhadra]

# Local Governance and Accountability Facility (LGAF)

## Progress Dissemination Workshop




11th September 2013,

The report of LGAF program implemented by ADDCN on behalf of the three local body associations-ADDCN, Municipality Association of Nepal (MuAN), and National Association of Village Development Committees of Nepal (NAVIN). LGAF is a semi-autonomous support mechanism provisioned in out put 2 of LGCDP Phase 1 to increase the capacity of citizen, community and marginalized groups to assert their rights and make the local bodies, known as the tangible government for the common people more accountable to them. Local CSOs are mobilized for the purpose. There are three areas of interventions of LGAF: local body grants expenditure and community engagement survey; public hearing and compliance monitoring; and community based monitoring of public goods and services. The government of Nepal carries out this program through implementing agency and last ADDCN got the responsibility. Chair persons and the officials of the local bodies, senior officials of the Ministry of Federal Affairs and Local Development (MoFALD), representatives of development partners, experts and the CSOs representatives were the participants in the program. The program was chaired by Dr Prem Sharma, the ex-president of LGAF and Bodh Raj Niroula, the joint secretary of MoFALD was seated as the chief guest of the program. Mr. Bharat Bahadur Khadka, the central member of ADDCN delivered the welcome speech and thanked all the institutions and persons who contributed to the program. He highly praised the role of the ministry, especially of Bodh Raj Niroula without his support this program could not be last year.

Mr. Hem Raj Lamichhane, Executive General Secretary of ADDCN had made some presentations highlighting some major elements of the program and the progress report. Region and intervention wise distribution of CSOs, DDC, VDC and Municipality wise coverage of the program, area wise budget disbursement, major findings of the program, opportunities and the challenges of the program, results achieved through the implementation of the program and the recommendations for the days a head were the major things highlighted in the presentations. Various people thanked the Local Bodies Associations for accomplishing the task successfully and gave their valuable inputs and suggestions which are very useful for the betterment of the program. The distinguished personalities making valuable comments on the report and over all performance of the program were Mr Govinda Neupane of DFID, Mr Prem Raj Joshi, LDO Kathmandu DDC, Bhola Dahal of Narwaygian Embassy, Mr Dayasagar Shrestha of NGO Federation, Manoj Bhattarai from COMAT, Nabaraj Adhikari of WVAF, Dr. Shyam Bhurtel, Ex Executive Secretary General of ADDCN, Dr. Shangram Lama, GESI/MOFALF, Mr. Damodar Rijal VDC secretary, Mr. Karna Batala, Mr. Ganesh Pandey, Joint Secretary, MoF, Mr. Narayan Thapa, National Planning Commission, Mr. Birendra Parajuli from ADDCN. Mr Jaydeep Biswas of DFID, expressed his happiness for the successful completion of the project and thanked local body association for their effort. Similarly Mr. Bodh Raj Niroula, Chief Guest, Joint Secretary of MoFALD also expressed happiness for successfully completing the task despite different problems. He thanked the local body associations for it.

# Initiation of DPP Process in Saptari




The Saptari District Development Committee (DDC) has initiated the District Periodic Planning (DPP) Process. The first step of DPP, a two day pre-consultation workshop, conducted on 3-4 September 2013. The process was facilitated by Association of DDCs of Nepal (ADDCN) with the technical and financial support of UNICEF Nepal. The Ministry of Federal Affairs and Local Development (MoFALD) has owned the whole DPP processes. The first day's inaugural program was presided over by Mr. Krishna Prasad Sapkota, Local Development Officer (LDO) of Saptari DDC where Chief Justice of Appealed Court of Rajbiraj was the Chief Guest of the Program. Mr. Ramesh Kumar Adhikari, under-secretary of MoFALD and Dr. Will Park, Deputy Representative of UNICEF Nepal were present as special guests. Mr. Hem Raj Lamichane, Executive Secretary General of ADDCN had led the expert team to facilitate the two days program. There were more than 150 participants from the different organizations (district line agencies, NGOs, security including chief political parties' representatives) and UNICEF representatives from center and regional office Biratnager.

Immediately after the conclusion of inaugural ceremony, technical sessions started. Mr. Ramesh Kumar Adhikari of MoFALD presented two papers i.e. why DPP and what are the legal foundation of DPP and policy and practice of Child Friendly Local Governance (CFLG). The process and timeline of the DPP preparation were presented by Mr. Hem Raj Lamichhane of ADDCN. Similarly, Dr. Will Park of UNICEF Nepal shared his experiences about the importance of investment for children under two. Ms. Sunita Kayasta, Chief of Disaster unit of UNICEF presented paper on the practice of Environment Friendly Local Governance (EFLG) in Nepal focusing on disaster risk reduction (DRR) policy, strategy and activities.

To expedite the DPP process, a steering committee under the chairpersonship of LDO formed which was comprised of the representatives from different political parties, private sector, NGOs, line agencies, child network, women network etc. Likewise, five separate thematic committees such as economic, infrastructure, social, environment and institutional resource and capacity were also formed under the chairmanship of the heads of different line agencies. On the second day of the pre-consultation workshop, the thematic groups discussed and finalized the questionnaires (indicators) of data collection for preparing district profile. The participants also approved the action plan of collecting and analysis both primary and secondary data, preparation of draft district profile and present in the plenary session by the end of coming Karkit 2070. Ms. Anjali Pradhan,



UNICEF country office, Ms. Riddi Sharma of UNICEF regional office Biratnager and Mr. Ashok Jha, UNICEF Saptari provided remarkable support to make the workshop successful.

# स्थानीय स्वशासनका समसामयिक सवाल सम्वन्धी राष्ट्रिय अन्तरक्रिया कार्यक्रम

**२०७० असार १६ काठमाण्डौं ।**

लोकतन्त्रको जग भनेकै स्थानीय निकाय हो । यसलाई आम नागरिकहरुको लागि भेटिने सरकार को रुपमा पनि लिइन्छ । जनताद्वारा निर्वाचित प्रतिनिधिद्वारा शासन सञ्चालन गर्नु वा सेवा प्रवाह गर्नु नै लोकतन्त्रको पहिलो सर्त हो । यसका लागि अनिवार्य आवश्यकता भनेको नियमित रुपमा हुने आवधिक निर्वाचन हो । यसै मर्मलाई आत्मसात गर्दै स्थानीय स्वायत्त शासन ऐन २०५५ ले स्थानीय निकायलाई एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित निकायको रुपमा स्विकार गरेको छ । तर बिडम्बना आम जनताको प्रत्यक्ष पहुँचमा रहने गरी सेवा प्रदान गर्नुपर्ने स्थानीय निकायहरु विगत ११ वर्ष देखि जनप्रतिनिधि विहिन अवस्थामा रहेको छन् । यो एउटा ज्यादै नै बिडम्बना पूर्ण अवस्था हो । यसले स्थानीय तहमा प्रदान गरिने




सेवाहरुमा थुप्रै नकारात्मक प्रभावहरु देखा पर्दै गएका छन् । स्थानीय निकायको निर्वाचनको महत्वलाई कसैले अस्विकार गर्न सक्दैन र गरेका पनि छैनन् । देशका प्रमुख राजनीतिक दलहरुसँगको भेटको क्रममा उनीहरुले यसप्रति प्रतिबद्धता पनि जनाइरहेका छन् । तर यो वा त्यो बहानामा स्थानीय निकायहरुको निर्वाचनलाई परपर धकेल्दै लाने काम भईरहेको छ ।

स्थानीय निकायका संघ तथा महासंघहरुले स्थानीय निकायहरु जनप्रतिनिधि गराइएदेखि नै स्थानीय निकायहरुको निर्वाचनकोलागि विभिन्न कोणबाट आवाज उठाउनुको साथै कानुनी उपचारको बाटो लिने र राजनीतिकदलहरु र नेपाल सरकारको ढोकाहरु ढक्ढक्याएर दबाब सिर्जना गर्ने काम गर्दै आएका छन् । यसै क्रममा स्थानीय निकायहरुको निर्वाचनको लागि ध्यानाकर्षण गराउने उद्धेश्यले

स्थानीय निकायका तीनवटा संघ तथा महासंघहरुको संयुक्त आयोजनामा २०७० असार १६ गते काममाण्डौंमा **“स्थानीय शासनको समसामयिक सवालहरु”** विषयक एक राष्ट्रिय अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो । उक्त अन्तरक्रिया कार्यक्रम संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका माननीय मन्त्री विद्याधर मल्लिकको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । सो कार्यक्रममा विशिष्ठ अतिथिका रुपमा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा. रविन्द्रकुमार शाक्यको सहभागिता रहेको थियो । सो कार्यक्रममा स्थानीय स्वशासनका क्षेत्रमा पैरवी तथा वकालती गर्ने विभिन्न तह र तप्काका विज्ञहरुको गरिमामय उपस्थिति रहेको थियो । जिविस महासंघ नेपालका अध्यक्ष श्री ऋषिराज लुम्सालीको अध्यक्षतामा संचालन भएको उक्त कार्यक्रम जिविस महासंघ नेपालका कार्यकारी महासचिव श्री हेमराज लामिछानेले सञ्चालन गर्नु भएको थियो । उक्त कार्यक्रमका सम्पूर्ण वक्ताहरुले स्थानीय निकायको निर्वाचन तुरुन्त हुनु पर्ने कुरामा जोड दिएका थिए । कार्यक्रमको विस्तृत प्रतिवेदन जिविस महासंघ नेपालको वेवसाईट www.addcn.org.np मा उपलब्ध छ ।

# विभिन्न कार्यक्रममा जिविस महासंघ नेपालको सहभागिता

## संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको आ.व. २०६९/७० को वार्षिक प्रगति समिक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति (MDAC) को बैठक

२०७० भदौ २ गते आइतवारका दिन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको आ.व. २०६९/७० को वार्षिक प्रगति समिक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति (MDAC) को बैठक संघीय मामिला तथा स्थानीय विकास मन्त्री श्री विद्याधर मलिकज्यूको अध्यक्षतामा सम्पन्न भएको थियो । बैठकमा आर्थिक वर्ष २०६९/७० को वार्षिक प्रगति प्रतिवेदन माथि छलफल भयो, स्थानीय निकायहरुको संस्थागत क्षमता विकासका साथै समय सापक्ष अनुसार कर्मचारीहरुको वृत्ति विकास गरी जनप्रतिनिधि विहिन रहेको अवस्थालाई ध्यानमा राखि नेपाल सरकारबाट प्रष्ट हुने विकास अनुदान र विभिन्न दातृसंस्था र संघ संस्थाबाट प्राप्त हुने रकमको समोचित व्यवस्थाका साथै प्रभावकारी कार्यन्वयन गरि जनता समक्ष सेवा प्रदान गर्नुपर्छ भन्ने रह्यो । साथै MCPM को सम्बन्धमा नीतिगत र ऐतिहासिक रुपमा सुधार गरी जनताहरुको लागि गएको बजेट कटौती गरिनु हुँदैन भनने सैंद्धान्तिक सहमति भई सुधार गर्नु पर्छ भन्ने एकमत रह्यो ।

उक्त कार्यक्रममा जिविस महासंघ नेपालका केन्द्रिय सदस्य श्री भरत बहादुर खड्काले भाग लिनु भएको थियो ।

## राष्ट्रिय कार्यक्रहरुमा सहभागिता

यही २०७० भाद्र १० गते, मिरेष्ट नेपालद्वारा काठमाण्डौंको होटेल एभरेष्टमा आयोजित **सूचनाको हक र स्थानीय सरकारमा हालको अवस्था सम्वन्धी ७ जिल्लाको अध्ययन प्रतिवेदन** सार्वजनिक गर्ने कार्यक्रममा जिविस महासंघ नेपालका प्रवक्ता कृष्ण प्रसाद जैशीले सहभागिता जनाउनु भएको थियो । कानुन अनुसार अपेक्षा गरिए जस्तो अवस्था नभए पनि सूचना माग्नेलाई दिन वाध्य पारिएर मागे अनुसार सूचना दिने घटनाका सूचकहरु बढिरहेको उक्त कार्यक्रममा प्रस्तुत गरिएको थियो ।

त्यसै गरी सोही दिन वर्ल्ड ट्रेड सेण्टर त्रिपुरेश्वरमा आयोजित खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ नेपालको राष्ट्रिय कार्यसमितिले आफ्नो ११औं वार्षिकोत्सवका अवसरमा **सरसफाइ पत्रकारिता पुरस्कार वितरण** कार्यक्रममा पनि प्रवक्ता जैशीले मन्तव्य दिनु भएको थियो ।

# Interaction Program on DPP Process

ADDCN organized a one day interaction program in Kathmandu on 28 August 2013. The program was organized with the view to share the experience and the idea about the process, scope and the content of the District Periodic Plan formulation. It was organized in the context that ADDCN and National Association of Village Development Committees of Nepal (NAVIN), have got the assignment of facilitating DPP formulation process in some districts of the country. Officials from the Ministry of Federal Affairs and Local Development (MoFALD), UNICEF personnel, officials and resource persons from ADDCN and NAVIN were the participants in the program. Mr. Ramesh Adhikari, Under-secretary of MoFALD had made a presentation on the topic "Why DPP". Similarly, Mr. Chakrapani Sharma, Under Secretary of MoFALD made a presentation on Environment Friendly Local Governance (EFLG). Mr. Rudra Sapkota, the resource person from NAVIN shared his experience about the DPP formulation process. The representatives from UNICEF also gave very important inputs on various issues such as DRR and CFLG. Mr. Hem Raj Lamichhane, Executive Secretary General of ADDCN, Mr. Parshuram Upadhyay, and Executive Director of NAVIN, Ms. Anjali Pradhan, Ms. Indikra Koirala, Ms. Sunita Kayasta and Ms. Dovan Lawati from UNICEF were present in the program. Similarly, Mr. Birendra Parajuli and Mr. Bishnu Nepal from ADDCN, and Mr. Laxman Pandey from NAVIN were also present there. The experts from DRR section of UNICEF also participated in the interaction program. At the end of the day, a consensus of DDP process made among ADDCN, NAVIN and UNICEF.



# “स्थानीय निकायको निर्वाचन सम्बन्धमा संयुक्त ज्ञापन-पत्र”

**दामोदर रिजाल, अध्यक्ष**
गा.वि.स. सचिव
हकहित संरक्षण केन्द्र नेपाल

**राजकुमार थापा, महा सचिव**
गा.वि.स. कर्मचारी संघ, नेपाल

**हिमप्रसाद पौडेल, अध्यक्ष**
नेपाल न.पा. क. एशोसिएसन

**अप्सरा चापागाई, अध्यक्ष**
सामुदायिक वन उपभोक्ता महासंघ नेपाल

**खेमराज नेपाल, अध्यक्ष**
स्वशासन अध्ययन प्रतिष्ठान

**प्रेम शर्मा**
सि.डि.आर.डि. त्रि.वि.

**कृष्णमान प्रधान, सभापती**
ग्रामिण विकास प्रतिष्ठान

**कुमार यात्रु, महा सचिव**
मीरेष्ट नेपाल

**मुक्ति रिजाल, अध्यक्ष**
आ.जि.डि.

श्री सम्माननीय मन्त्रीपरिषद अध्यक्षज्यू,
नेपाल सरकार ।

**विषय: स्थानीय निर्वाचनको मिति घोषणाका सन्दर्भमा ।**

लोकतन्त्रको आधारस्तम्भका रुपमा रहेका स्थानीय निकायहरु अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संस्था हुँदाहुँदै पनि २०५९ साल देखि स्थानीय निकायहरु निर्वाचित जनप्रतिनिधिविहीन अवस्थामा छन् । स्थानीय निर्वाचन गर्नका लागि सम्मानीत सर्वोच्च अदालतको २०६९ कार्तिक २२ गतेको फैसला, उक्त फैसलामा आधारित २०७० सालभित्रै स्थानीय निकायको निर्वाचन गर्ने २०६९ फागुन ३० गतेको राजनीतिक दलहरूको सहमति र स्थानीय निर्वाचनका लागि आर्थिक वर्ष २०७० /७१ को बजेट वक्तव्यमार्फत आवश्यक बजेट विनियोजन जस्ता सकारात्मक विकास भइसक्दा पनि स्थानीय निर्वाचनको तिथि मिति नतोकिएकोले फेरि पनि निर्वाचन नहुने हो कि ? भन्ने गम्भीर आशंका पैदा भएको छ ।

स्थानीय सरकार लोकतन्त्रको आत्मा, आधार र अनिवार्य शर्त हो । विगत देखि विभिन्न राजनैतिक दल र विभिन्न कालखण्डमा सरकार सञ्चालन गर्नेहरूलाई सरोकारवाला विभिन्न संस्थाहरुले २०५९ साल देखिनै स्थानीय निर्वाचन गर्न गराउन पटक पटक ध्यानाकर्षण गराउँदा पनि संवेदनशील नहुनाले लोकतन्त्रको उपहास र जनताको मौलिक अधिकार एवं विकेन्द्रिकरणको मर्म माथि प्रहार भएको छ । No Taxation Without Representation भन्ने लोकतान्त्रिक शासन पद्धतिको विश्वव्यापि मान्यता विपरित जनताले आफ्ना प्रतिनिधिविना नै कर र राजश्व अनिर्वाचित सरकारलाई बुझाई रहनु पर्ने बाध्यता विगत ११ वर्ष देखि यथावत छ ।

१० वर्ष भन्दा लामो सशस्त्र द्वन्दको अन्त्य गर्न तत्कालिन सात राजनीतिक दल र नेकपा (माओवादी) बीच भएका सहमति, अन्तरिम संविधानमा पाँचौ संशोधनमार्फत स्थानीय निर्वाचन गर्ने व्यवस्था तथा व्यवस्थापिका संसदको विकास समितिको स्थानीय निर्वाचन गराउन गरिएको निर्देशनलाई बेवास्ता गरी स्थानीय निर्वाचन कहिल्यै प्राथमिकतामा नपर्नुले जनआन्दोलनको उपेक्षा र नेपाली जनताको मानव अधिकारको हनन् हुन गएको छ । फलतः मुलुकको समग्र राजनीतिक, सामाजिक, आर्थिक विकासमा निम्नानुसार गम्भीर नकारात्मक असर र परिणामहरु परिरहेको तथ्यतर्फ सम्माननीय अध्यक्षज्यूको ध्यानाकर्षण गराउँदछौं ।

- स्थानीय स्वायत्त शासन ऐन २०५५ को प्रावधान अनुसार २०५९ साल देखि हुनसक्ने तीनवटा आवधिक निर्वाचनबाट हालसम्म करिब ६ लाख ४५ हजार जनप्रतिनिधिहरु मध्ये १ लाख २० हजार महिला, १५ हजार दलित तथा समावेशीरूपमा आदिवासी, जनजाती जनप्रतिनिधिहरूले लोकतान्त्रिक अभ्यास गर्ने अवसर र संवैधानिक अधिकार गुमाएका छन् ।
- अलोकतान्त्रिक अभ्यासको परिणामस्वरूप जातीय, क्षेत्रीय र साम्प्रदायिक सदभावमा कमी हुँदै गएको छ । देशको समग्र अर्थतन्त्र, विकास, जनजीविका, सुशासन एवम् सहभागितामूलक लोकतन्त्रको संस्थागत प्रकृया तथा गतिशीलता शुन्यप्राय भएको छ ।

- स्थानीय निकायहरूमा निर्वाचित जनप्रतिनिधि रहेको दुन्दकालको अवस्थामा पनि बढिरहेको आन्तरिक आय र राजस्व २०५९ पछि प्रति वर्ष घट्दै गई लगानीमा कमी र रोजगारीका अवसरमा समेत अत्याधिक गिरावट आएको छ । नेपाल सरकार र स्थानीय निकायको विकास बजेट खर्च गर्न नसकि प्रति वर्ष अर्बौं रकम फ्रीज भैरहेको छ र खर्च भएको करिब ५० अर्बको पनि उचित सदुपयोग भएको छैन ।
- सामाजिक रूपमा कमजोर वर्ग र समुदाय, महिला, दलित, बालबालिकामाथि हुने विभिन्न प्रकृतिका हिंसाजन्य घटनाहरू बढ्दै गएका र स्थानीय तहमै गर्न सकिने न्याय निरोपण तथा व्यवस्थापनमा जनप्रतिनिधिविहीन स्थानीय निकायका कारण न्यूनता आएको छ ।
- जननिर्वाचित प्रतिनिधि नहुँदा सरकारी र गैरसरकारी निकायको समन्वय, सेवा प्रवाह तथा जनपरिचालनमा कमि आएको छ । साथै जनताको माग अनुसार गरिने योजना प्रक्रियाका १४ चरणहरू अवरुद्ध भएका तथा दीर्घकालिन महत्वका योजनाहरू कार्यान्वयन तथा सम्पन्न गर्न ढिलाई भैरहेको छ ।
- जनताप्रति उत्तरदायी र जवाफदेही शासन नहुँदा लोकतन्त्रका सारथीका रूपमा रहेका राजनीतिक दलहरू र स्थायी सरकारका रूपमा रहेका राष्ट्रसेवकहरूमा अनुशासनहीनता र अनियमितता बढ्दै गएको हालैका अध्ययन र अनुसन्धानबाट सार्वजनिक भएका छन् ।
- पिछडिएका समुदाय, सिमान्तकृत एवं समाजका कमजोर वर्गसम्म लोकतन्त्रको प्रतिफल र विकासका लाभहरू पुग्नसकेको छैन । लक्षित वर्गका लागि राज्यको लगानीको सदुपयोग हुन सकेको छैन ।
- गुनासाहरू सुन्ने तथा जनप्रतिनिधिहरूलाई निर्वाचनको माध्यमबाट सच्याउने अभ्यासहरू नै बन्द भएपछि जनताहरूमा स्थानीय निकायप्रति अविश्वास तथा चासो घट्दै गएकोले लोकतन्त्रको संस्थागत विकासका लागि प्रत्युत्पादक स्थिति उत्पन्न हुन गएको छ ।
- देशका बहुमूल्य जडिबुटी, गिट्टी, ढुंगा, बालुवा लगायतका प्राकृतिक स्रोतहरू अनियमित र गैरकानुनी प्रकृयाबाट निर्यात भई चुरे क्षेत्रमा क्षयीकरण, तराईमा नदी तथा खोलाहरूको सतह वृद्धि तथा वन विनाश, बाढी पहिरो, डुबान जस्ता वातावरणमा प्रतिकुल प्रभाव पार्ने घटनाहरू बढ्दै गएका छन् ।
- विकासका साझेदारहरूले संस्थागत विकास तथा नेपालको समृद्धिका लागि गरिएका लगानीबाट समेत जनप्रतिनिधिविहीन अनुत्तरदायी शासन प्रणालीको अवस्थाले गर्दा अपेक्षित प्रतिफल प्राप्त हुन सकेको छैन । यसबाट विकास साझेदारीमा कमी आउने तथा स्थानीय विकासको माध्यमबाट सामाजिक रूपान्तरण गर्ने कार्य केहोल्याउनुपर्ने अवस्था उत्पन्न भएको छ ।

स्थानीय निर्वाचन गर्दा संक्रमणकालको छिटो अन्त्य, नयाँ संविधान निर्माण, राज्यको पुनःसंरचना र दिगो शान्ति कायम गरी समग्र विकासका गतिविधिहरूमा सकारात्मक प्रभाव पर्ने स्वतःसिद्ध छ । संसारका द्वन्द प्रभावित र हाम्रो जस्तै राजनीतिक अन्योलग्रस्त अवस्थाबाट रूपान्तरण भएका मुलुकहरूको उदाहरणबाट पनि यसको पुनर्पुष्टि हुन्छ । अतः सम्मानीत सर्वोच्च अदालतको पछिल्लो फैसलाको कार्यान्वयन गर्न राजनीतिक दलहरूले यसै वर्ष भित्र संविधानसभा र स्थानीय निकायको निर्वाचन गर्ने भन्ने प्रतिवद्धता र सहमति अनुसार स्थानीय निर्वाचनको अविलम्व मिति तोकी आवश्यक प्रक्रिया थालनी गर्न गराउन सम्माननीय मन्त्रीपरिषदका अध्यक्षज्यू समक्ष हार्दिक अनुरोध गर्दछौं ।

| | |
|---|---|
| डोरमणि पौडेल, अध्यक्ष<br>नेपाल नगरपालिका संघ | ऋषिराज लुम्साली, अध्यक्ष<br>जिल्ला विकास समिति महासंघ, नेपाल |
| महिन लिम्बु, अध्यक्ष<br>गाविस राष्ट्रिय महासंघ, नेपाल | शर्मिला कार्की, अध्यक्ष<br>गैर स.स. महासंघ, नेपाल |
| हरिकुमार श्रेष्ठ, अध्यक्ष<br>स्थानिय निकाय कर्मचारी संघ | शिव गाउँले, अध्यक्ष<br>नेपाल पत्रकार महासंघ |

# Participation in South Asian Workshop, Kerela, India




In invitation of Practical Action Sri Lanka and with support of Practical Action Nepal, Association of District Development Committees of Nepal (ADDCN) participated in **South Asian Workshop on "Participatory Governance" in** Kerala Institute of Local Administration, Cochin, Kerala, India on 21-23 August, 2013. Workshop was inaugurated by former speaker and member of Legislative Assembly of Kerala Mr. Thembil Ramakrishnan, a pioneer of decentralization in Kerala, India; welcome by Dr. Sunny George, brief of project presented by Ranga Pallawala of Practical Action Sri Lanka and falicitated by Dr. Peter M Raj of Kerala Institute of Local Administration. There were several technical sessions to share the country experiences. There were 26 participants from India, Nepal, Sri Lanka and Pakistan. **Mr. Krishna Prasad Jaishi, Spokesperson of ADDCN** presented the sharing of Nepal as "Experiences of participatory democracy in Nepal". All participants interestingly appreciated the rights provisioned in Local Self Governance Act 1998 and emerging local governments in Nepal. All hoped for election of local bodies simultaneously with Constituent Assembly in November this year.

The main objective of the workshop was to recommend some idle structural review and set up to apply in south Asian countries. Countries not participated in the workshop will be again shared and made consensus of the recommendation to submit in forthcoming SAARC Summit on January 2014. The workshop has given an idea for functions, functionaries and funds with clear constitutional arrangements in our ongoing discussion of restructuring of state particularly local governments. Participants were taken in Guruvayur municipality to share the system to spent budget and proceedings of planning, implementation and monitoring which was as to be appreciated. Kerala, Punjab and Himachal Pradesh and 5 other states have completed activities mapping but Kerala is only the state who did Big Bang approach for decentralized structures, fund and functionaries. Due to decentralized approach after 73rd and 74th amendment in Indian constitution, Kerala has developed herself on different indicators like education, health, per capita income, housing, waste management and inclusion of women in each sector from the beginning. Kutumbasree, a participatory involvement of family member or the different group members in productive income generation works with 50% discount on total sum of loan given by the local government and cooperatives. There are very good examples of repayment of loan taken by women group within 2 years of time the sum of 1.5 lakhs out of 3 lakhs INR.



Minister of Local Governance and Social Justice had given closing speech as chief guest as group presentation was going on out of the room near a small hut made by Kerala, ancient types of rural houses in the ground of Institute. He stated as the student of decentralization and model in Kerala is to be improved not to copy by all which was very inspiring for all of us.




## टेलिभिजन कार्यक्रम स्थानीय सरोकार

स्थानीय निकायका संघ/महासंघहरु जिल्ला विकास समिति महासंघ नेपाल, गाउँ विकास समिति राष्ट्रिय महासंघ र नेपाल नगरपालिका संघ तथा जिल्ला विकास समिति काठमाडौं, ललितपुर र भक्तपुरको संयुक्त कार्यक्रमका रुपमा नेपाल टेलिभिजनमा प्रत्येक हप्ताको विहीबार साँझ ५:०५ देखि ५:३० बजेसम्म र शुक्रबार १०:३० देखि १०:५५ बजेसम्म हाल टेलिभिजन कार्यक्रम **स्थानीय सरोकार** संचालन भैरहेको छ।

सो टेलिभिजन कार्यक्रम हेरेर त्यसलाई अझबढि स्तरिय र प्रभावकारी बनाउन के/कस्ता सुधार गर्न सकिन्छ, सुझाव दिनुहुन सबैमा अनुरोध गरिन्छ।

***सम्पर्कका लागि***

*संचार विकास तथा अनुसन्धान केन्द्र नेपाल*

*शिव रेग्मी, ९७५१००७७२२, ईमेल : mdrc100@gmail.com*

जिल्ला विकास समिति महासंघ नेपाल Association of District Development Committees of Nepal (ADDCN)

☎: 977-15554081, 5529202 **Fax #** 977-1-5548469 Sanepa Mode, Lalitpur, **P.O.Box #** 12022, Kathmandu

**E-mail :** addcn@addcn.org.np **URL:** www.addcn.org.np